# दिप्रुङ चुइचुम्मा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा ब्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५, पहिलो संशोधन, २०८०

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको
गाउँ कार्यपालिकाबाट मिति २०८०/७/१४
गते संशोधन भएको दिप्रुङ चुइचुम्मा गाउँपालिकाको
उपभोक्ता समिति गठन, परिचालन तथा ब्यवस्थापन
सम्बन्धी कार्यविधि, २०७५, पहिलो संशोधन,
२०८०, पाना २ (दुई) प्रमाणित गरेको छु ।
२०८०।८।१४
लोकेन्द्र राई
अध्यक्ष

दिप्रुङ चुइचुम्मा गाउँपालिका

खोटाङ

# उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५

## पहिलो संसोधन २०८०

प्रस्तावना: दिप्रुङ चुइचुम्मा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ मा भएका प्रावधानहरुलाई समय सापेक्ष र व्यावहारिक कार्यान्वयनका लागी संशोधन गर्न वान्छनिय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) एवं दिप्रुङ चुइचुम्मा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम दिप्रुङ चुइचुम्मा गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/७/१४ गतेको गाउँ कार्यपालिकाको २९ औं बैठकबाट पारित गरी यो कार्यविधि जारी भएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "दिप्रुङ चुइचुम्मा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५, पहिलो संशोधन, २०८०" रहेको छ ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. दफा १० मा संशोधन: दिप्रुङ चुइचुम्मा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा १० को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

(२) समितिको खाता अध्यक्ष र कोषाध्यक्ष गरी २ जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ तर खाता सञ्चालकहरु मध्ये एक जना महिला हुनु पर्नेछ ।

३. दफा १८ मा संशोधन: दिप्रुङ चुइचुम्मा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ मा देहायको दफा थप गरिएको छ :-

(दफा १८) दिप्रुङ चुइचुम्मा गाउँपालिकाद्वारा सञ्चालन हुने जुन सुकै प्रकारका आयोजनाहरुको सञ्चालन तथा व्यवस्थापनका लागि कुल विनियोजित रकमको ३०% पेश्की स्वरुप उपलब्ध गराईनेछ ।

२०८०/६/१८